मालिकार्जुन गाउँपालिका
Malikarjun Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

प.सं. २०८०/८१
च.नं.

शंकरपुर, दार्चुला
सुदूरपश्चिम, नेपाल

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## सहकारी संस्थाका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्ने बारेको सूचना

(प्रकाशित मिति:२०८१/०१/२८)

पछिल्लो समय, सहकारी संस्थाहरुमा आएका विविध समस्याहरुले सहकारीहरुको व्यवस्थापनमा असहज परिस्थिति सिर्जना भएको कुरा सर्वविदितै छ । सहकारी संस्थावाट सदस्यहरुको वचत रकम नै ऋणी हरुलाई कर्जाको रुपमा प्रवाह हुने गर्दछ। ऋणी सदस्यहरुले लिएको ऋण रकमको समयमा साँवा तथा व्याज भुक्तान गर्नुपर्नेमा केहि ऋणीहरुले विभिन्न वहानावाजी गर्ने, केहि पक्षले सहकारी संस्थाको ऋण तिर्नु नपर्ने जस्ता भ्रामक र गैरजिम्मेवारीपूर्ण अभिव्यक्तिको आधारमा ऋण चुक्ता नगरेको गुनासो आइरहेका छन्।

केहि सहकारी संस्थाहरुमा तरलताको समस्याले गर्दा सदस्यहरुको वचत फिर्ता गर्न नसकेको अवस्था पाइएको छ। ऋणी सदस्यहरुले समयमा नै ऋण भुक्तानी नगरेमा सहकारी ऐन, २०७४ को दफा ८३ र ८४ तथा मालिकार्जुन गाँउपालिकाको सहकारी ऐन ,२०७८ को दफा ५८ मा भएको व्यवस्था वमोजिम ऋणी सदस्यहरुको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण , नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख संस्था स्वयंले सम्बन्धित निकायमा लेखी पठाउन सकिने व्यवस्था गरेको छ।

तसर्थ, प्रचलित सहकारी ऐन तथा कानुनको वर्खिलाप नहुने गरी जुन सम्झौता वा शर्त वमोजिम ऋण लिएको हो, सोही वमोजिम ऋणको साँवा र ब्याज सम्वन्धित सहकारी संस्थामा समयमा नै भुक्तानी गरी समस्या समाधानमा सहयोग गरिदिनुहुन सम्पूर्ण ऋणी सदस्यहरुमा अनुरोधं छ। अन्यथा कानुन वमोजिम ऋण असुली प्रक्रिया अगाडी वढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

१/२८



CamScanner